nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

30°C । वर्ष :११, अंक : २३ पृष्ठ ४ । मंगलबार,२४ भदौ २०८२ । TUESDAY, SEPTEMBER 09, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## मधेश प्रदेशका ३९ स्थानीय तहले पेस गरेन बजेट

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२३ भदौ ।***

चालु आर्थिक वर्षको दुई महिना बित्न लागेको छ । तर मधेश प्रदेशका ३९ पालिकाले अहिलेसम्म चालु आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट ल्याउन सकेको छैन । चालु वर्षका लागि गत आर्थिक वर्ष २०८१/०८२ को असार १० गतेभित्र नै बजेट ल्याउनु पर्ने कानुनी प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) अनुसार उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले अगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नु पर्ने छ । सोही दफाको उपदफा ६ मा पेस भएको बजेट असार मसान्तभित्र सभाले पारित गरिसक्नु पर्ने उल्लेख छ । तर मधेश प्रदेशभित्रका ३९ पालिकाहरूमा जनप्रतिनिधिहरू बिचको आन्तरिक विवाद तथा समस्याका कारण अहिलेसम्म बजेट ल्याउन नसकेको हो । मधेश प्रदेशमा एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १३६ पालिका छन् । तीमध्ये ९७ वटा पालिकाले बजेट ल्याएसकिएको छ भने एक उपमहानगरपालिका, १८ नगरपालिका र २० गाउँपालिकाले अहिलेसम्म बजेट ल्याउन सकेको छैन । अर्थात् ७१.३२ प्रतिशत




पालिकाले बजेट पेस गरेका छन् भने २८.६७ प्रतिशत पालिकाले बजेट पेस गरेका छैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा स्थानीय तह (पालिका) ले प्रविष्ट गरेको विवरण अनुसार सबभन्दा बढी धनुषाका स्थानीय तहले बजेट पेस गरेको देखिएन । यस जिल्लामा १८ स्थानीय तहमध्ये जनकपुरधाममा उपमहानगरपालिकासहित १० स्थानीय तहले बजेट पेस गरिएको छैन । सबभन्दा बढी महोत्तरीका स्थानीय तहहरूले बजेट पेस गरेको छ । यहाँ १५ वटा पालिकामध्ये एउटा सोनमा गाउँपालिकाले मात्रै बजेट ल्याएको छैन । त्यस्तै सप्तरीमा १८ स्थानीय तहमध्ये छ वटाले बजेट पेस नगरेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ । मन्त्रालयको पोर्टलमार्फत सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरण अनुसार सिराहाको १७ मध्ये तीन, सर्लाहीको २० मध्ये पाँच, रौतहटको १८ मध्ये पाँच, बाराको १६ मध्ये चार र पर्साको १४ मध्ये पाँच पालिकाले बजेट पेस नगरिएको हो । अहिलेसम्म बजेट ल्याउन नसकेका धनुषाको नगराइन नगरपालिकाका प्रमुख विनयकुमार यादवले राजनीतिक दलबिच सहमति जुट्नु नसकेका कारण नगर सभा नभएको बताउनुभयो । उहाँले भन्नुभयो नगर सभाको बैठक चार, पाँच पटक डाकियौं । तर बहुमत सदस्य सङ्ख्या एमालेको रहेकोले उहाँहरू सहभागी नहुँदा नगर सभा हुन नसकेको हो । सहमति जुटाउन हदैसम्मको प्रयास अहिले पनि चलिराखेको उहाँले बताउनुभयो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा स्थानीय तह (पालिका) ले प्रविष्ट नगरेको सूचीमा परेको एक मात्र उपमहानगरपालिका जनकपुरधाम उपहानगरपालिका

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्जमा महिलामाथि गोली प्रहार गर्ने शर्मा पक्राउ

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२३ भदौ ।***

बीरगन्ज-१६, रजतजयन्ति चोकस्थित एक होटलमा सोमबार दिउँसो गोली चल्दा भारतको बिहार, बेतियाकी २८ वर्षीया निशा कुमारी सहनी गम्भीर घाइते भएकी छन् । सोमबार दिउँसो करिब ४ बजे खाजा खाने होटलमा ग्राहक बनेर आएका भारतको झारखण्ड निवासी ३० वर्षीय प्रदीप शर्माले निशामाथि गोली प्रहार गरेका थिए । गोली बायाँ गालामा लागेर घाइते भएकी निशाको नारायणी अस्पतालमा उपचार भइरहेको पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए । घटनापछि भाग्दै गरेका शर्मालाई बीरगन्ज भन्सार



क्षेत्रबाट सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर नेपाल प्रहरीले पक्राउ गरेको हो । उनको साथबाट कट्टुवा पेस्तोल बरामद गरिएको सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले बताए । शर्माले निशामाथि किन गोली चलाए भन्ने विषयमा प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

## युरिया अभाव, किसान महँगो डीएपी प्रयोग गर्न बाध्य

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२३ भदौ ।***

धानमा युरिया मल अत्यावश्यक हुने बेला वीरगन्जसहित मधेशका किसानले चाहेको जति पाएका छैनन् । युरिया नपाएपछि उनीहरू महँगो डीएपी मल छर्न बाध्य भएका छन् । बीरगन्ज हरपतगन्जका किसान दामोदरप्रसाद यादव भन्छन्, "वर्षा सुरु भएलगत्तै धानमा युरिया हाल्नुपर्छ, तर बजारमा सहजै पाइएन ।" सहकारीमार्फत वितरण हुने कोटा सकिएपछि किसानले मल खोज्दा नपाएका हुन् । नेपालमै अभाव हुँदा भारतबाट पनि सजिलै ल्याउन नपाउने अवस्था छ । कालिकामाई गाउँपालिका-५ का किसान पृथ्वी साहका अनुसार किसानले डीएपी प्रयोग गर्न थालेका छन् तर त्यसमा



नाइट्रोजन कम भएकाले धानबालीमा असर पर्ने चिन्ता बढेको छ । हाल सहकारीमार्फत ५० किलोको युरिया ९ सय रुपैयाँमा पाइन्छ भने बजारमा दुई हजारसम्म चुकाउनु पर्छ । त्यस्तै डीएपी सहकारी मूल्य २,३५० भए पनि बजारमा ३,०००-३,२०० रुपैयाँसम्ममा बिक्री भइरहेको छ । साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनीका अनुसार पर्साको कोटा सकिएको छ । भैरहवाबाट केही ट्रक युरिया आइपुगे पनि वितरणमा समय लाग्ने जनाइएको छ । ग्लोबल टेन्डरबाट आयात भइरहेको बाँकी मल पनि चरणबद्ध रूपमा मात्र किसानलाई पुग्नेछ ।

## बारामा एक महिनाभित्र बाघको आक्रमणबाट चार जनाको मृत्यु

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२३ भदौ ।***

बारामा गत एक महिनाभित्र बाघको आक्रमणबाट चार जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका-१ का ५५ वर्षीय छेवाङ्ग लामा, जीतपुरसिमरा-२ का ५५ वर्षीय कृष्णप्रसाद शर्मा, सोही वडाकै रमेश कार्की र मकवानपुरको मनहरी गाउँपालिकाका ५५ वर्षीय चन्द्रबहादुर भुलन रहेका छन् । अन्तिम घटनामा, आइतबार जीतपुरसिमरा-१ स्थित प्रगतिशिल सामुदायिक वनमा च्याउ टिप्न जङ्गल गएका छेवाङ्ग लामालाई बाघले आक्रमण गरेको थियो । घटनास्थलमा शव देखेपछि



स्थानीयहरूले प्रहरीलाई खबर गरेका थिए । बाघलाई नियन्त्रणमा लिन चितवनबाट डार्ट टोली परिचालन गरिएको छ । पर्सा राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाका अनुसार दुई वटा हात्ती सौराहाबाट बाघको खोजीका लागि आएका छन् र पशु चिकित्सकसहितको टोली जङ्गल क्षेत्रमा परिचालन गरिएको छ ।

## रास्वपा पर्साले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय फिर्ता लिन माग

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२३ भदौ ।***

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साले सरकारलाई सामाजिक सञ्जाल बन्द गर्ने निर्णय तत्काल फिर्ता लिन माग गर्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ । रास्वपा पर्साका सभापति हरि पन्तको नेतृत्वमा गएको टोलीले पर्साका प्रमुख जिल्ला अधिकारी तोया नारायण सुवेदीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो । प्रमुख जिल्ला अधिकारी सुवेदीले यसबारे प्रधानमन्त्रीको कार्यालयलाई जानकारी गराउने आश्वासन दिएका छन् । हरि पन्तले सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले आम नागरिकको सूचनासँग सम्बन्धित मौलिक अधिकारको



उल्लङ्घन गरेको र व्यवसायी, विद्यार्थी र सम्पूर्ण नेपालीको नागरिक अधिकार कुण्ठित भएको बताएका छन् । उनले सरकारले सामाजिक सञ्जाल नियमन र व्यवस्थापनका अन्य विकल्प अपनाई सिधै बन्द गर्ने निर्णय निरङ्कुश शैलीको भएको आरोप लगाएका छन् । ज्ञापनपत्र बुझाउने टोलीमा रास्वपा पर्साका सचिव सुदिस प्रजापति, सहसचिव कृष्ण पासवान, क्षेत्रीय सभापति राम आर्या, फैयाज मिया, नगर सभापति माधव बस्नेत र चन्दन गुप्ता लगायतको सहभागिता थियो ।

## आन्दोलनका घाइतेको उपचार निःशुल्क गर्न स्वास्थ्य मन्त्रालयको परिपत्र

***काठमाडौं,२३ भदौ ।***

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आइतबार जेनजी आन्दोलनमा घाइते भएका नागरिकको ज्यान बचाउन जुनसुकै उपचार निःशुल्क गर्न मातहतका सबै सङ्घीय अस्पताललाई परिपत्र गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलको अग्रसरतामा मन्त्रालयले सङ्घीय अस्पतालमा आउने आन्दोलनका घाइतेलाई कुनै शुल्क नलाग्ने गरी उपचारको व्यवस्था गर्न भनिएको छ । यसैगरी, मन्त्रालयले एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन र आवश्यक परेका विभिन्न स्थानमा सहजै उपलब्ध गराउन पनि निर्देशन दिएको छ । काठमाडौं उपत्यकाको एम्बुलेन्स सञ्जाललाई अस्पतालबाट रिफर हुने बिरामीलाई अर्को अस्पतालमा लिएर जान सहजीकरणका लागि समेत आह्वान गरेको छ । साथै, सम्पूर्ण चिकित्सक एवम् स्वास्थ्यकर्मीलाई एकजुट भएर घाइतेको उपचारमा जुट्न पनि

बाँकी तेश्रो पृष्ठमा⇨

## जेनजी प्रदर्शन : देशभर १९ जनाको मृत्यु, ३४७ घाइते

***काठमाडौं,२३ भदौ ।***

सोमबार जेनजीहरूको प्रदर्शनबाट मृत्यु हुनेको संख्या १९ पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरका विभिन्न अस्पतालबाट लिएको विवरण अनुसार, मृतकको संख्या १९ पुगेको हो । त्यस्तै, देशभर विभिन्न अस्पतालमा ३ सय ४७ जना घाइते

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्जमा पनि जेनजीको प्रदर्शन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,२३ भदौ ।***

देशभर फैलिएको जेनजी युवाको आन्दोलन अब बीरगन्जसम्म पुगेको छ । भ्रष्टाचारविरुद्ध र सुशासनको मागसहित सामाजिक सञ्जाल पुनः सञ्चालन गर्नुपर्ने आवाज घण्टाघरमा भेला भएका युवाहरूले आज बिहानैदेखि उठाएका छन् । "जेनजी चिच्याउँछ, भ्रष्टहरूलाई गिज्याउँछ" र "कता



हिँडेको ट्याक्स लुटेर " जस्ता नारा लगाउँदै युवाहरू सडकमा उत्रिएका थिए । प्रदर्शनलाई काठमाडौंको

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३९८६६९,०५१-५२००४०


## सम्पादकीय

### सञ्जालमाथिको अवरोध तत्काल हटाऊ

सरकारले फेसबुक, ट्विटर, युट्युबजस्ता अत्यधिक प्रयोगमा रहेका सामाजिक सञ्जाललाई नेपालमा दर्ता नभएको भन्दै बन्द गरेयता गम्भीर प्रभाव देखिन थालेको छ । आमनागरिकको दैनिक जीवन, व्यावसायिक गतिविधि तथा सामाजिक सम्बन्धमा असर परेको छ । नियमनको नाममा चालिएको यो कठोर कदमले डिजिटल युगमा बाँचेको समाजलाई साँघुरो बनाइदिएको छ । डिजिटल प्ल्याटफर्महरूमार्फत आफ्ना विचार अभिव्यक्त गर्ने, व्यवसाय प्रवर्धन गर्ने वा विदेशमा रहेका आफन्तजनसँग सिधा सम्पर्कमा रहने माध्यममाथि रोक लगाउनु कुनै पनि कोणबाट न्यायोचित छैन । विशेषगरी कन्टेन्ट क्रिएटर, स्टार्टअप व्यवसाय, अनलाइन शिक्षण तथा डिजिटल मार्केटिङमा आधारित पेसा नराम्ररी प्रभावित भएका छन् । त्यसभन्दा धेरै विदेशमा रहेका लाखौं नेपाली प्रभावित छन्, जसका अभिभावक, परिवार वा साथीभाइहरूसँग सम्पर्क राख्न सामाजिक सञ्जाल नै भरपर्दो माध्यम थियो । सामाजिक सञ्जालमाथिको अवरोधले जनताको सूचना तथा अभिव्यक्ति स्वतन्त्रतासमेत कुण्ठित भएको अनुभूति गराएको छ ।नियमन गर्नु सरकारको कर्तव्य हो तर त्यो आमजनताको हितविपरीत, जीवनलाई अवरुद्ध पार्ने ढंगमा हुनुहुँदैन । यी सञ्जाल नेपालमा विधिसम्मत रूपमा सञ्चालन गराउन चाहेको हो भने सरकारले सम्बन्धित कम्पनीहरूसँग समन्वय गरी छिटो प्रक्रिया अगाडि बढाउनु जरुरी छ । सामाजिक सञ्जाल पनि कानुनी प्रक्रियामा आउन ढिला गर्नुहुन्न । दर्ता प्रक्रिया अघि बढाउन लामो समय लाग्ने हो भने जबसम्म प्रक्रिया पूरा हुँदैन, तबसम्मका लागि अस्थायी रूपमै भए पनि सेवा पुनः सञ्चालनमा ल्याउन आवश्यक छ । सामाजिक सञ्जाल कम्पनीहरू सूचीकृत भएनन् भनेर पन्छिने होइन, बरु यथाशक्य छिटो समाधानतर्फ अग्रसर हुन जरुरी छ । सम्बन्धित कम्पनीहरूसँग उच्चस्तरीय वार्ता गरी छिटो दर्ता प्रक्रिया टुंग्याउन जरुरी छ । यो समस्या तत्काल अन्त्य गरेर डिजिटल जीवनशैलीलाई सहज बनाउनु अहिलेको आवश्यकता हो । अन्यथा, डिजिटल क्षेत्रमा आश्रित पेसागत समुदायको क्षतिपूर्ति वा सहयोगका लागि योजना बनाउनुपर्ने अवस्था आउन सक्छ । पहिलेको प्रविधिको युगमा सामाजिक सञ्जाल कुनै विलासी सेवा होइन, यो आजको जीवनशैलीको अभिन्न अंग हो । यसको अवरोधले जनजीवन, अभिव्यक्ति स्वतन्त्रता, तथा डिजिटल अर्थतन्त्रमा गम्भीर असर पारेको छ । यो समस्या समाधानमा ढिलाइ गर्नु भनेको हजारौंको रोजगारी, सञ्चार र सिर्जनशीलता बन्द गर्नु हो । त्यसैले, सरकारले तत्काल पहल गरोस्, सञ्जालमाथिको अवरोध खोलोस् र नागरिकप्रति उत्तरदायी बनोस् ।

# जनसंख्या वृद्धि गर्न हतार नगरौं

**दीर्घराज श्रेष्ठ/ डा. राजेन्द्र भद्रा/मदनराज भट्ट**

नेपालमा राष्ट्रिय जनगणना, २०७८ को नतिजापश्चात् देशको जनसंख्या वृद्धिदर र प्रजननदरमा कमी आएकाले भविष्यमा जनसंख्या ऋणात्मक हुन्छ कि भनेर चिन्ता व्यक्त गर्दै आगामी समयमा जनसंख्या बढाउनेबारे छलफल र चासो बढ्दै गएको छ । यही विषयलाई केन्द्रबिन्दु बनाएर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हालै तयार गरेको नयाँ जनसंख्या नीतिमा भविष्यमा जनसंख्या बढाउनका लागि विभिन्न योजना बनाइएका छन् । सोही नीतिको लोकार्पणका अवसरमा सम्मानीय प्रधानमन्त्रीले नेपालमा जनसंख्या बढाउनका लागि महिलाले २० देखि ३० वर्षको अवधिमा कम्तीमा ३ वटा बच्चा जन्माउन आह्वान पनि गर्नुभयो । जनसंख्या नीति आउनु र प्रधानमन्त्रीले तीनवटा बच्चा जन्माउन सल्लाह दिएपछि विभिन्न समूहको औपचारिक र अनौपचारिक भेटघाट, बैठक, सभा र सम्मेलनमा यस विषयमा अझ बढी छलफल हुनुका साथै सञ्चारमाध्यममा पनि यो विषयमा प्रचारप्रसार भइरहेको छ । तर, यो विषयमा राष्ट्रिय मार्ग के कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा गहन रूपमा विचारविमर्श गरिनु आवश्यक छ । यसै परिप्रेक्षमा विगत लामो समयदेखि प्रजनन स्वास्थ्य र परिवार योजना क्षेत्रमा कार्यरत जनस्वास्थ्यकर्मीका हैसियतले यस विषयमा हामीले केही प्रकाश पार्ने प्रयास गरिरहेका छौं । वि.सं. २०७८ को जनगणना अनुसार नेपालको




जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ । वि.सं. २०६८ मा नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ थियो । गत १० वर्षको अवधिमा नेपालमा २६ लाख ७० हजार ७४ जनसंख्या वृद्धि भएको छ । यस तथ्यांक अनुसार नेपालमा प्रतिवर्ष औसत २ लाख ६७ हजार ७ जनसंख्या वृद्धि भइरहेको छ । जनसंख्या वृद्धिदर सन् १९७१ देखि २००१ सम्मको २ प्रतिशतभन्दा बढी थियो र यो घटेर सन् २०११ मा १.३५ प्रतिशत र सन् २०२१ मा ०.९२ प्रतिशत देखियो । त्यसैगरी नेपालमा २०७८ मा कुल प्रजननदर घटेर १.९४ पुगेको छ । अर्थात् नेपालमा हाल सय जना महिलाले आफ्नो प्रजनन अवधिमा १ सय ९४ बच्चा जन्माउँछन् । जनसंख्यालाई स्थिर राख्नका लागि सामान्यतया एक जना महिलाले २.१ अर्थात् सय जनाले २ सय १० जना जन्माउनुपर्छ । यसलाई जनसंख्याको भाषामा प्रतिस्थापन तह भनिन्छ । केही जिल्लामा पहिलाभन्दा जनसंख्या ऋणात्मक भएको देखाएको छ । कुल प्रजननदर र जनसंख्या वृद्धिदर दुवैमा कमी आएको र केही जिल्लामा जनसंख्या ऋणात्मक पनि भएकाले अब जनसंख्या बढाउनु नै उपयुक्त समाधान हो कि भनेर भाष्य निर्माण हुँदै गएको छ । **बसाइँसराइले पारेको प्रभाव** नेपालको संविधानले मौलिक हकअन्तर्गत नागरिकलाई आफ्नो आर्थिक, सामाजिक र व्यक्तिगत क्षमता विकास र सुख-सुविधा उपभोगका लागि एक ठाउँबाट अर्को उपयुक्त स्थानमा बसाइँसराइ गर्ने र काम गर्ने अधिकार दिएको छ । यो अधिकारको प्रयोग गरी हाल बसाइँसराइ गर्ने दर वृद्धि भएको छ । नेपालमा आन्तरिक बसाइँसराइका साथै अन्तर्राष्ट्रिय बसाइँसराइ पनि बढ्दै गएको छ । यसरी धेरै आन्तरिक र अन्तर्राष्ट्रिय बसाइँसराइका कारणले पनि जनसंख्या गणना प्रभावित भएर तथ्यांकमा कमी देखिने प्रबल सम्भावना देखिन्छ । नेपालमा प्रयोग भएको जनगणना विधि अनुसार जनगणना गर्दा हाल बसोबास गर्ने ठाउँलाई मुख्य आधार मानिएको छ र कुनै व्यक्ति ६ महिनाभन्दा बढी आफ्नो स्थायी घरभन्दा बाहिर रहेको खण्डमा त्यस्ता व्यक्तिलाई अनुपस्थित जनसंख्याका रूपमा लिइएको छ । नेपालको जनगणना, २०७८ अनुसार हाल जम्मा जनसंख्याको ७.५ प्रतिशत अर्थात् २१ लाख ९० हजार ५ सय ९२ जना विभिन्न कामका लागि देशबाहिर गएको देखिन्छ । तीमध्ये केवल १०.७ प्रतिशत भारतमा गएका छन् । यी दुवै तथ्यांक विश्वास गर्नै गाह्रो छ । किनभने, विभिन्न स्रोतका अनुसार करिब ५० लाख व्यक्ति देशबाहिर रहेको अनुमान छ । अझ भारतमा गएका नेपालीको संख्या केवल २ लाख ३४ हजार ३ सय ९३ मात्र जनणनामा देखाइनुले पनि जनगणनामा उल्लेखित तथ्यांकले मात्रै वर्तमान जनसांख्यिक अवस्थालाई पूर्ण रूपमा झल्काउन सक्दैन कि भन्ने प्रश्न खडा भएको छ । चाडपर्वको समयमा नेपाल-भारत सिमानामा देखिने नेपालीको चापले पनि भारतमा काम गर्न जानेको संख्या अझै धेरै छ कि भन्ने चासोलाई जायज मान्न सकिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा आन्तरिक बसाइँसराइको दर अर्थात् नेपालभित्र आफ्नो जन्मस्थान छोडी बसाइँ सर्नेको अनुपात २९.२ प्रतिशत छ । आन्तरिक बसाइँसराइ गर्ने सबैभन्दा बढी पहाडमा देखिएको छ, जहाँबाट ३२ प्रतिशत मानिस सरेको देखिएको छ । यसपछि तराईबाट २८.९ प्रतिशत र हिमाली क्षेत्रबाट १३.८ प्रतिशत सरेको देखिएको छ । हाल नेपालको आधाभन्दा बढी (५३.६ प्रतिशत) जनसंख्या

बाँकी तेश्रो पृष्ठमा

# विद्याको ब्लन्डर, ओलीको मोनोपोली

**राजाराम गौतम**

भन्ने गरिन्छ, राजनीतिमा स्थायी शत्रु अथवा मित्र हुँदैनन्, केबल स्थायी हित र चासो हुन्छन् । प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी दुवैलाई यो कुरा थाहा नभएको होइन । तर, कुनै बखतका घनिष्ठ यी दुई 'राजनीतिक मित्र' ले सायदै सोचेका थिए, न्यानो सम्बन्ध यसरी एक दिन तिक्तता र शत्रुतापूर्ण हुनेछ । राजनीति निर्मम हुन्छ । यतिबेला ओली र भण्डारी एकअर्काविरुद्ध 'निर्ममतापूर्वक' आमने-सामने भएका छन् । भण्डारी जसरी पनि एमालेको राजनीतिमा फर्किन चाहन्छिन् । उनको नजर ओलीको 'सिंहासन' मा छ । ओली जुनकुनै हतकण्डा अपनाएर भए पनि उनलाई रोक्न चाहन्छन् । खासमा, पूर्वराष्ट्रपति भण्डारीलाई एमालेको नेतृत्वमा फर्किने आकांक्षा जगाइदिने ओली नै हुन् । भित्री कोठाहरूमा मात्रै होइन, मिडिया अन्तर्वार्ताहरूमै ओलीले राष्ट्रपति पदबाट बाहिरिएपछि सक्रिय राजनीतिमा फर्किन हुने वकालत गरेका थिए । अहिले उनी भण्डारीलाई राष्ट्रपतिको पदको गरिमा सम्झाउँदै छन् । तर, भण्डारीले राष्ट्रपतिको गरिमा न पदमा रहँदा बुझिन्, न त अहिले नै बुझ्न तयार छिन् । उनलाई पूर्वराष्ट्रपतिको सम्मानभन्दा ज्यादा एमालेकी पूर्वउपाध्यक्ष भनिँदा आफ्नोपनको अनुभूति हुन्छ, सायद । त्यसैले उनी एमाले फर्किन मरिहत्ते गर्दै छिन् । आखिर भण्डारीमा किन यतिसारो एमाले-मोह बढेको हो ? के उनी एमालेको परिचयमा अधिक अपनत्व महसुस गर्छिन् ? मुलुकको सर्वोच्च पदमा पुगेर सत्ता अभ्यास गरिसकेको व्यक्ति किन फेरि पदप्राप्तिका लागि मरिहत्ते गर्छ होला ? कुन मनोविज्ञानले प्रेरित भएर सत्ताकांक्षी भावना बढ्ला ? भण्डारीमा जागृत अति मोह देख्दा यी प्रश्न स्वाभाविक उब्जिन्छन् । भण्डारीले समाज र देश सेवाका लागि फेरि राजनीतिमा सक्रिय हुन खोजेको दलिल पेस गरेकी छन् । तर, के समाज र देशको सेवाका लागि नैतिक मूल्य र मर्यादा नाघ्नैपर्छ ? निश्चय पनि संविधानले पूर्वराष्ट्रपतिलाई राजनीतिमा आउनबाट रोक्दैन । यो केबल व्यक्तिको विवेकमा भरपर्ने कुरा हो । तर, पूर्वराष्ट्रपतिका हैसियतले नै के देश/समाज सेवाका लागि सक्रिय हुन सकिँदैन ? दृष्टान्तहरू खोज्दा, पूर्वराष्ट्रपतिले दैनन्दिन राजनीतिमा नफर्की समाज र देशका लागि योगदान गरेका मनग्गे नजिर भेटिन्छन् । जस्तो कि, दक्षिण अफ्रिकाका राष्ट्रपति नेल्सन मन्डेलाले मानवअधिकार र शान्ति पुनःस्थापनाका लागि काम गरे । उनी भन्थे, 'राष्ट्राध्यक्ष भएपछिको जीवनमा पनि विवेक र सद्भावको संयोजन सशक्त हुन्छ ।' अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले अवकाश पाएपछि भनेका थिए, ' अब म स्वतन्त्र भएको छु । मसँग एउटा जीवन छ र त्यसलाई अर्थपूर्ण बनाउने अवसर आएको छ । जुन सही लाग्छ, त्यो गर्ने मौका आएको छ ।' कार्टरले अवकाशपछि निष्पक्ष निर्वाचनको वकालत, लोकतन्त्र र विश्वका विभिन्न ठाउँमा शान्ति प्रक्रियाहरू अघि बढाउने अभियानमा डटे ।यभण्डारी कुन मनोविज्ञानबाट निर्देशित छिन्, त्यो उनैले जानुन् । तर, उनमा जागेको एमाले-मोह निरर्थक र औचित्यहीन छ । नजिर खोज्न टाढा जानै पर्दैन, नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले आफूलाई नागरिकस्तरमा सीमित राखेर अवकाशपछिको पदीय गरिमा बचाएका छन् । उनले देशको हितमा आवश्यक परे सुझाव दिने तर राजनीतिमा नफर्किने बचनबद्धता अवकाशपछि प्रकट गरेका थिए, जुन अद्यापि निर्वाह गरिरहेका छन् । भण्डारीसामु पनि एमालेमा नफर्की गर्न सकिने यस्ता अनेक विकल्पहरू छन् । पहिलो कुरा त उनले सक्रिय राजनीतितिर नफर्की सामाजिक रूपमा आफूलाई क्रियाशील गराउने हो भने एउटा असल परम्पराको स्थापना गर्न सक्छिन् । संविधान वा कानुनमा अड्चन छैन भन्दैमा नैतिक मूल्यलाई कुल्चिनु विवेकी कदम होइन । दोस्रो, उनले महिला शिक्षा र महिलाहरूको विभेदविरुद्ध अभियान नै चलाएर सक्रिय रहन सक्छिन् । जस्तो कि, सुदूरपश्चिममा अझै कायम छाउपडी प्रथाविरुद्ध कैयौं अभियान अघि बढिसके तर आज पनि छाउगोठमै महिलाहरू सर्पको टोकाइबाट मारिन विवश छन् । यसखाले सामाजिक अन्धविश्वास र रुढीविरुद्ध पूर्वराष्ट्रपतिका हैसियतले सक्रिय हुने हो भने उनले एमाले कार्यकर्ता पंक्तिको मात्रै होइन, आम जनताकै साथ पाउनेछिन् । तेस्रो, राष्ट्रपति जस्तो उपल्लो ओहोदामा पुगेको व्यक्तिको अनुभव, ज्ञान राष्ट्र निर्माणमा, नयाँ पुस्ताका लागि उपयोगी हुन्छ । उनले ज्ञान र अनुभवको हस्तान्तरण गर्ने ढंगले पनि सोच्न सक्छिन् । उदाहरणका लागि, पुस्तक लेखनमार्फत आफ्ना ज्ञान र अनुभवलाई लिपिबद्ध गर्ने, विभिन्न अन्तर्क्रियाहरूमा सामेल भई नयाँ पुस्तासँग जोडिने गर्न सक्छिन् । चौथो, उनले नेपाली महिलाहरूको नेतृत्वको विकासमा लागिपर्न सक्छिन् । उनले आफूलाई यस्ता अरू थुप्रै रचनात्मक कर्महरूतिर लगाउन सक्छिन् । तर, नेपाली राजनीतिको विडम्बना नै भन्नुपर्छ, अवकाश भइसकेपछि वा अवकाश हुनुपर्ने राजनीतिक नेतृत्व सत्ता राजनीतिको मृगतृष्णामा भट्किरहन्छ । एकजना ज्ञाता लर्ड एक्टनले उहिल्यै भनेका रहेछन्, 'सत्ता प्राप्त गरेपछि मानिसमा त्यो गुमाउने डर जाग्छ । सत्ता गुम्ने डरले नै मान्छेलाई बारम्बार सत्तामा फर्किने मनोवृत्तितर्फ डोराइराख्छ ।' कतिपय राजनीतिक नेतृत्वलाई चाहिँ आफू नहुँदा सबै कुरा डुब्छ र देश नै असफल हुन्छ भनेझैं लाग्छ । केही साताअघि मात्रै माओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) एउटा सार्वजनिक कार्यक्रममा यस्तै भन्दै थिए, 'राजनीतिको खाँबो आफूले छोडे गर्ल्यामगुर्लुम भत्किहाल्छ कि भन्ने लाग्छ ।' नेताहरूमा आत्मश्लाघामा रमाउने मनोवृत्ति ज्यादा हुनुले पनि सत्ताकांक्षी बनाइराख्छ । त्यस्तै संस्थागत उत्तराधिकारीको प्रणाली र पद्धति कमजोर हुँदा पनि बारम्बार एउटै व्यक्ति सत्ता र शक्तिको शिरमा बसिराख्छ । अनि, अधुरो महत्त्वाकांक्षा, जनताले समर्थन गरिरहेका छन् भन्ने भ्रम, अनि आत्मकेन्द्रित सोचले पनि व्यक्तिलाई सत्ता-मोहको जालमा राखिराख्छ । भण्डारी कुन मनोविज्ञानबाट निर्देशित छिन्, त्यो उनैले जानुन् । तर, उनमा जागेको एमाले-मोह निरर्थक र औचित्यहीन छ । सबैभन्दा ठूलो कुरा, एमालेको ठूलो कार्यकर्ता पंक्ति नै पनि उनी एमालेमा फर्केको हेर्न चाहँदैन । प्रचार विभागका नेता राजेन्द्र गौतमले दाबी गरेअनुसार, एमालेको विधान महाधिवेशनमा सहभागी झन्डै ९९ प्रतिशत प्रतिनिधिले संस्थापनको पक्षमा मत जाहेर गरेका छन् । अर्थात् ओली जे चाहन्थे, एमालेको दोस्रो विधान महाधिवेशनले उनको

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## किभमा रुसको हालसम्मकै ठूलो हमला दुई जनाको मृत्यु, सरकारी भवनमै क्षति

***काठमाडौं, २३ भदौ ।*** युक्रेनसँगको जारी युद्धमा रुसले आइतबार हालसम्मकै ठूलो हवाई हमला गरेको छ । युक्रेनको राजधानी किभमा रुसले गरेको पछिल्लो ड्रोन तथा मिसाइल प्रहारमा कम्तीमा दुई जनाको मृत्यु भएको बताइएको छ भने हमलामा प्रमुख सरकारी भवनमा क्षति पुगेको छ । किभका मेयर भिटाली क्लिट्स्कोले पनि हमलामा परी दुई जनाको मृत्यु भएको र २० जना घाइते भएको बताए । मारिने दुई जनामा एक आमा र उनको ३ महिनाको सन्तान रहेका छन् । जसको शव उद्धारकर्ताहरूले पुरिएको अवस्थामा भग्नावशेषबाट निकालेका थिए । युक्रेनको वायुसेनाले ८ सय १० ड्रोन र डिकोइजद्वारा हमला गरिएको बताएको छ । युक्रेनको वायुसेनाका प्रवक्ता युरी इहनाटले आइतबारको युक्रेनमाथि हमला युद्ध सुरु भएदेखिकै सबैभन्दा ठूलो रुसी ड्रोन हमला भएको पुष्टि गरे । रुसले युक्रेनको राजधानीलाई लक्ष्य बनाएर विभिन्न प्रकारका १३ वटा मिसाइल पनि प्रहार गरेको थियो । हमलामा युक्रेनले ७ सय ४७ ड्रोन र ४ वटा मिसाइललाई गोली हानेर निष्क्रिय पारेको युक्रेन वायुसेनाले एक विज्ञप्ति जारी गर्दै दाबी गरेको छ । युक्रेनका ३३ स्थानमा ९ वटा मिसाइल र ५४ वटा ड्रोनबाट हमला गरिएकामा युक्रेनी प्रत्याक्रमणबाट निष्क्रिय बनाइएका रुसी ड्रोन तथा मिसाइल आठ स्थानमा खसेको युक्रेन वायुसेनाको दाबी छ । एपीका पत्रकारहरूले किभको मन्त्रिपरिषद् भवनको छतबाट धूवाँको मुस्लो निस्किरहेको देखेको उल्लेख गरेका छन् । जुन युक्रेनको मन्त्रिपरिषद् को भवन रहेको बताइएको छ ।



'शत्रुको आक्रमणबाट पहिलो पटक सरकारी भवन क्षतिग्रस्त भएको छ, यसको छाना र माथिल्लो तलाहरूमा क्षति पुऱ्याएको छ,' युक्रेनकी प्रधानमन्त्री युलिया स्वेरीडेन्कोले भनिन्, 'हामी भवनहरू पुनर्निर्माण त गर्नेछौं तर गुमाएका जीवनहरू फिर्ता गर्न सकिँदैन ।' अन्तर्राष्ट्रिय समुदायले यस विनाशको जवाफ शब्दले मात्र नभई एक्सनमा नै दिनुपर्ने उनको भनाइ छ । प्रधानमन्त्री युलियाले मुख्यत: रुसी तेल र ग्यासमाथिको प्रतिबन्धको दबाबलाई थप कडिकडाउ पार्नुको विकल्प नरहेको पनि जिकिर गरिन् । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पनि रुसमाथि प्रतिबन्ध लगाउन र युक्रेनको हवाई प्रतिरक्षा प्रणालीलाई बलियो बनाउनुपर्नेमा जोड दिँदै भने, 'युद्ध रोक्नका लागि धेरै पहिले नै सुरु हुनुपर्ने कूटनीतिक पहलमा ढिलाइ गरी जानाजानी यस्ता हत्या, अपराध गरेर रुसले युद्धलाई थप लम्ब्याउन चाहेको देखिन्छ । विश्वले केवल राजनीतिक इच्छाशक्ति देखायो भने यस्ता अपराधीहरूलाई हत्या रोक्न बाध्य पार्न सक्छ ।' किभका प्रशासन प्रमुख टिमुर त्काचेन्कोले हमलामा किभका कम्तीमा १० स्थानहरू क्षतिग्रस्त भएको उल्लेख गरे । रुसी ड्रोनहरू किभको स्भियाटोसिन्स्की जिल्लामा अवस्थित नौतले आवासीय भवन र डार्नित्स्की जिल्लामा रहेको चारतले आवासीय भवनलाई लक्षित गर्दै प्रहार गरिएका थिए ।

रुसी सेनाले भने आइतबारको हमला युक्रेनको सैन्य-औद्योगिक क्षेत्रलाई लक्षित गरेर भएको दाबी गरेको छ । उसले युक्रेनका ड्रोन बनाउने र भण्डारण गर्ने स्थलहरू, सैन्य एयरफिल्डहरू, दुई एयर डिफेन्स राडार स्टेसन र सेनाको स्थानमाथि हमला गरेको बताएको छ । रुसले दुई साताको अवधिमा किभलाई निसाना बनाएर दोस्रो ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेको हो । युक्रेनी राष्ट्रपति जेलेन्स्कीले शान्ति सम्झौताका लागि वार्ता गर्न रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेट्न आफू तयार रहेको बताउँदै आए पनि शान्ति वार्तामा खासै प्रगति हुन भने सकेको छैन । जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई युद्ध अन्त्यका लागि दबाब दिन रुसमाथि दण्डात्मक प्रतिबन्ध लगाउन पनि आग्रह गरेका छन् ।

## जापानी प्रधानमन्त्री इसिबाले पार्टी अध्यक्ष पदबाट दिए राजीनामा

***काठमाडौं, २३ भदौ ।*** त

जापानका प्रधानमन्त्री सिगेरु इसिबाले सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) को अध्यक्षबाट राजीनामा दिएका छन् । इसिबाको राजीनामाले विश्वको चौथो ठूलो अर्थतन्त्र भएको जापानमा केही महिनायता जारी राजनीतिक संक्रमण थप लम्बिने विश्लेषण गरिएको छ । ६८ वर्षीय इसिबाले आइतबार पत्रकार सम्मेलन गर्दै आफ्नो दल एलडीपीलाई भावी नेतृत्व चयनको प्रक्रिया सुरु गर्नसमेत आग्रह गरेका छन् । एलडीपीले दोस्रो विश्वयुद्धपछि अधिकांश समय सरकारको नेतृत्व गर्दै आएको छ । पार्टी अध्यक्ष पदबाट राजीनामा दिने इसिबाको निर्णयसँगै सरकारको नेतृत्व पनि फेरिने निश्चितप्राय: भएको बताइएको छ । करिब एक वर्षदेखि सरकारको नेतृत्व गरिरहेका इसिबाले यस अवधिमा संसदीय चुनावमा सत्ता गठबन्धनको पराजयको सामना गर्नुपऱ्यो । संसदीय चुनावको



पराजयपछि उनीमाथि पार्टीको नेतृत्व छाड्न चर्को दबाब थियो । तर, केही दिनअघिसम्म पनि उनी राजीनामा नदिने अडानसहित आफू अमेरिकासँगको विवाद सुल्झाएर नयाँ व्यापार सम्झौतामा केन्द्रित रहेको दाबी गर्दै आएका थिए । जापानी कारलगायतका उत्पादनमा 'ट्यारिफ' बढाउने अमेरिकी निर्णयले जापानको कार उद्योगमा ठूलै हलचल ल्याएको छ । यसबाट जापानको अर्थतन्त्रमा नकारात्मक असर पर्ने प्रक्षेपण गरिएको छ । 'जापानले व्यापार सम्झौतामा हस्ताक्षर गरिसकेको र राष्ट्रपतिले कार्यकारी आदेशमा हस्ताक्षर गरिसकेकाले हामीले एउटा महत्त्वपूर्ण बाधा पार गरेका छौं,' इसिबाले पत्रकार सम्मेलनमा भने, 'म अर्को पुस्तालाई सत्ता हस्तान्तरण गर्न चाहन्छु ।' राजनीतिक अनिश्चितताकै कारण गत साता जापानी मुद्रा येनको मूल्यमा उच्च गिरावट आएको थियो । एलडीपीले नेतृत्वको चुनावका लागि सोमबार मतदानको तालिका तय गरेपछि इसिबा सत्ताबाट बाहिरिने निश्चितप्राय: ठानिएको थियो ।

### जनसंख्या वृद्धि गर्न.........

तराईको २३ प्रतिशत भूभागमा छन् भने ४०.३ प्रतिशत पहाडमा र ६.१ प्रतिशत हिमाली भूभागमा छन् । नेपालको जनसंख्याको करिब दुईतिहाइ जनसंख्या अर्थात् ६६.१७ प्रतिशत सहरी भूभागमा (नगरपालिकाहरूमा) र करिब एक तिहाइ अर्थात् ३३.८३ प्रतिशत ग्रामीण भेगमा (गाउँपालिकाहरू) बसोबास गरिरहेको छ । विशेष गरी ठूला सहरहरूमा र नयाँ ठाउँहरूमा बसाइँसराइका व्यक्तिहरू भाडामा बस्ने, कोहीको बस्ने ठेगाना नै नहुने र पाहुनाका रूपमा रहने हुन सक्छ । हुन त जनगणना गर्दा त्यस्ता व्यक्तिहरूको संख्यालाई समेट्न खोजिएको छ तर पनि उनीहरूको यकिन तथ्यांक हराउने वा नसमेटिने सम्भावना धेरै हुन्छ । साभार ईकान्तिपुर ।

### विद्याको बलन्डर................

त्यही चासो सम्बोधन गरेर सकिएको छ । मुख्यत: ओलीका दुई चासो थिए । पहिलो, उनी ७० वर्षे उमेर हद र कार्यकारी पदमा दुई कार्यकाल मात्रै रहने प्रावधानलाई विधानबाट योजनाबद्ध रूपमा हटाउन चाहन्थे । पार्टीभित्र यो लोकतान्त्रिक विधिलाई संशोधन गर्न नहुने बलियो मतका बाबजुद गुटबन्दीका प्रणेता नेता ओलीले आगामी दिनको नेतृत्वमा आफैं दोहोरिने नियत राखेर उक्त प्रावधान हटाए । हालाकी, नेतृत्वको ७० वर्षे उमेर हद र कार्यकारी पदमा दुई कार्यकालको प्रावधान उनैको प्रयत्नमा विधानमा समेटिएको थियो । दोस्रो, उनलाई पूर्वराष्ट्रपति भण्डारीको एमालेमा फर्कने प्रयत्न पटक्कै मन परेको थिएन । उनले नवीकरण भइसकेको भनिएको भण्डारीको सदस्यता खारेज गरिदिएर यसअघि नै एमाले फर्किने ढोका बन्द गरिदिएका थिए । यद्यपि, भण्डारीले विधान महाधिवेशनमा सरिक कार्यकर्ता पंक्तिमा यो मुद्दा उठाइदिन 'याचना' नै गरिन् । उनले चिठी र भिडियो सन्देशमार्फत गोदावरीमा भेला भएका कार्यकर्तालाई अपिल गरिन् । अपिलपछि महाधिवेशनमा सहभागी कतिपय प्रतिनिधिहरूले उनलाई एमालेमा आउन रोक्न नहुने धारणा राखे । तर, ओलीले सहभागी प्रतिनिधिबाट आएको यो सुझावलाई पनि ग्रहण गरेनन् । र, विधान महाधिवेशनले पनि उनी एमाले फर्किने बाटो रोक्यो । साभार ईकान्तिपुर ।

### बीरगञ्जमा पनि..........

माइतीघर मण्डलामा भइरहेको आन्दोलनकै प्रतिध्वनि मानिएको छ । आन्दोलनमा सहभागी युवाहरूले आफ्नो विरोधलाई पूर्णतया शान्तिपूर्ण बनाइराख्ने प्रतिबद्धता जनाएका छन् । उनीहरूले यो आन्दोलन कुनै व्यक्ति विशेष वा दलविरुद्ध नभई मुलुकमा मौलाएको भ्रष्टाचार र बेथितिको अन्त्यका लागि भएको स्पष्ट पारे । युवाहरूले आजको पुस्ता अब मौन नबस्ने सन्देश दिँदै यो आन्दोलन देशको आवाज मात्र नभई परिवर्तन ल्याउने शक्तिको रूप हो भनेका छन् । साथै, उनीहरूले राजनीतिक दल वा स्वार्थी समूहलाई आन्दोलन कब्जा गर्ने प्रयास नगर्न चेतावनीसमेत दिएका छन् ।

### मधेश प्रदेशका.............

प्रमुख मनोजकुमार साहले गत असार ३० गते नै बजेट पेस गरिसकेको दाबी गर्नुभयो ।"तर अहिलेसम्म मन्त्रालयको पोर्टलमा अपडेट नहुनुका कारण कर्मचारीसँग बुझ्छु । उपमहानगरपालिकाले असार १० गते नीति तथा कार्यक्रम र असार ३० गते बजेट पेस गरेको थियो ।" स्थानीय तहले तोकिएको समयमा बजेट ल्याउन नसक्दा सुशासनमाथि नै प्रश्न खडा भएको छ । बजेट नल्याएका स्थानीय तहको विकास निर्माणका टेन्डर प्रक्रिया, नियमित प्रशासनिक खर्च र स्थानीय स्तरमा दिइने सेवा प्रवाहमा असर पर्ने निश्चित देखिन्छ । पालिकाहरुका निर्वाचित जनप्रतिनिधिहरू बिचको अविश्वास र दलगत स्वार्थका कारण बजेट पेस नहुँदा यसको प्रत्यक्ष मार स्थानीय नागरिकमा परिरहेकोले नागरिकको सर्वोत्तम हितमा काम गर्न जनप्रतिनिधि अगाडि बढ्नुको विकल्प छैन ।

### आन्दोलनका घाइते.....

मन्त्रालयले आह्वान गरेको छ ।

### जेनजी प्रदर्शन...............

उपचाररत छन् । काठमाडौंको सिभिल अस्पतालमा ३, राष्ट्रिय ट्रमा सेन्टरमा ८, एभरेष्ट अस्पतालमा ३, केएमसी अस्पतालमा २, त्रिवि शिक्षण अस्पतालमा १, विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

### मानवअधिकारवादी.....

पुस्ता सडकमा आएको संवेदनशील र गम्भीर परिस्थितिमा अनुगमनको माध्यमबाट मानवअधिकार उल्लंघनको रोकथाम गर्न हरहमेसा प्रयत्न गर्नुपर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न राष्ट्रिय मानवअधिकार आयोग समेत असफल भएको भन्दै समितिले खेद व्यक्त गरेको छ । जवाफदेहिता निगरानी समितिको तर्फबाट मानवअधिकारकर्मीहरु राजुप्रसाद चापागाई (संयोजक), रुकमनी महर्जन, चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. वीरेन्द्र थपलिया, ओमप्रकाश अर्यालसहितले संयुक्त विज्ञप्ति जारी गर्दै यस्तो माग गरेका हुन् ।

# स्वास्थ्य

## गर्भावस्थामा योनीस्राव भयो, कारण के होला ?



६० देखि ६५ प्रतिशत महिलाले गर्भावस्थामा अधिक योनीस्रावको अनुभव गर्छन् । यसरी योनीस्राव अधिक हुँदा कतिपय महिला चिन्तित हुन्छन् । त्यसमा पनि योनीबाट दुर्गन्धित तरल पदार्थ आउँदा उनीहरु आत्तिन सक्छन् । यस्तोमा कति महिलालाई योनीस्राव कति सामान्य हो कि असामान्य भन्ने जिज्ञासा हुनसक्छ । योनीस्रावबारे यस्तै पाँच जिज्ञासा अनलाइनखबरले प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. सुनिता व्यञ्जनकारलाई राखेको छ । **के हो योनीस्राव ?** योनीबाट बग्ने तरल पदार्थलाई योनीस्राव भनिन्छ, जसले योनीलाई सफा राख्छ । बाह्य जीवाणुको संक्रमणबाट बचाउँछ । योनीस्राव महिलाको शारीरिक अवस्थाअनुसार परिवर्तन हुन्छ । जस्तै, महिनावारी चक्र र गर्भावस्थामा फरक किसिमको स्राव हुनसक्छ । जुन व्यक्तिअनुसार पनि फरक-फरक हुन्छ । कसैमा बढी हुनसक्छ, कसैमा कम । **गर्भावस्थामा योनीस्राव कति सामान्य ?** गर्भावस्थामा प्रोस्टेरोजेन हार्मोनको स्तर उच्च हुन्छ । जसकारण योनीश्राव हुनु अलि बढी हुनु सामान्य हो । योनीश्रावले योनीमा संक्रमण हुन दिंदैन ।

यस्ता श्रावले योनीको सुरक्षा गर्छ । हल्का गन्धसहितको पातलो र हेर्दा दूधे सेतो तरल पदार्थ गर्भावस्थाको सुरुवातमा देखिन्छ । गर्भावस्थाको अन्तिम सातामा योनीस्राव बढ्न पनि सक्छ । सो समयमा बाक्लो र गुलाबी खालको तरलता देख्न सकिन्छ । जुन क्रमश: बढ्दै जान्छ । र, गर्भावस्थाभरि जारी रहन्छ । यो बच्चा जन्मिने तयार अवस्थामा छ भन्ने लक्षण हो, जुन व्यथा लाग्नुअघि देखिन्छ । यी गर्भावस्थामा हुने योनीस्रावलाई 'ल्युकोरिया' भनिन्छ । यो हेर्दा सफा र सेतो देखिन्छ । र, गन्धहीन हुन्छ । जुन हानिकारक मानिंदैन । यो सामान्य हो । तर केही अवस्थामा भने असामान्य खालका योनीस्राव हुनसक्छ । यदि हरियो, खैरो रङ, अत्याधिक गन्ध, चीज जस्तो जमेको र तरला भरिएको हुन्छ । यस्तो योनीस्राव बग्दा योनी वरिपरि चिलाउने र दुख्ने पनि हुनसक्छ । योनीमा ल्याक्टोब्यासिल्लास जस्ता फाइदाजनक ब्याक्टेरिया हुन्छन् । यी ब्याक्टेरियाको सन्तुलन बिग्रिएपछि खराब ब्याक्टेरियाले ठाउँ लिन्छ । र, असामान्य खालको योनीस्राव हुनसक्छ । यौनाङ्ग संक्रमण र कुनै औषधिको प्रयोग पनि यसको कारण हुनसक्छ । **असामान्य योनीस्रावको लक्षण के-कस्ता हुनसक्छन् ? जटिलताको सम्भावना कति हुन्छ ?** अचानक योनीस्राव अधिक भयो । र, रंग फरक-फरक देखिएमा चिकित्सकलाई देखाइहाल्नुपर्छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# सरकारको औचित्य सकियो कांग्रेसले तत्काल सत्ता छाड्नुपर्छ : कोइराला

**काठमाडौं,२३ भदौ ।**



कांग्रेस नेता शेखर कोइरालाले सरकारको औचित्व समाप्त भएको भन्दै तत्काल कांग्रेसले सरकार छाड्नुपर्ने बताएका छन् । उनले राजाको कालमा पनि नभएको दमन वर्तमान केपी ओली नेतृत्वको सरकारले गरेको भन्दै कांग्रेस अब सरकारमा बसिरहन नमिल्ने बताए । 'अब एउटा गृहमन्त्रीले राजीनामा दिनुको कुनै अर्थ छैन, कांग्रेस सरकारबाटै अलग हुनुपर्छ, यो सरकारमा अब एकछिन पनि रहन हुन्न' कोइरालाले कान्तिपुरसँगको कुराकानीमा भने । करको दायरामा आएका सामाजिक सञ्जाललाई बन्द गर्ने सरकारको निर्णय आफ्नो अलोकप्रिय काम छोप्नका लागि मात्रै भएको कोइरालाको भनाइ थियो ।'जेन-जीहरुको निकालेको शान्तिपूर्ण आन्दोलनमा अन्धाधुन्ध गोली चलाएर राजाको शासनमासमेत नभएको घटनाको झल्को दिएको छ, यो कदम निरंकुश र अधिनायकवादको पराकाष्ठा हो, तत्काल जेन-जीहरुको माग पूरा गरिनुपर्छ,' कोइरालाले भने,'भ्रष्ट्राचार आजको आम नागरिकको मुद्दा हो । यसलाई निर्मूल गर्ने बाटो नसमात्ने हो भने मुलुक अर्को द्वन्द्वको चपेटमा जान सक्ने अवस्था बन्छ ।'

# सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउन र वार्ता गर्न जसपा नेपालको माग

**काठमाडौं,२३ भदौ ।**



जनता समाजवादी पार्टी नेपालले सामाजिक सञ्जालहरुमाथि लगाइएको प्रतिबन्ध तत्काल हटाउन तथा वार्ता र सम्वादमार्फत समस्याको समाधान गर्न माग गरेको छ । जसमा महासचिव रामकुमार शर्माले विज्ञप्ति जारी शान्तिपूर्ण प्रदर्शनमा भएको दमनको विरोध गरेका छन् । युवा विद्यार्थी सम्मिलित जेन-जीले राजधानी काठमाडौंसहित देशैभरि भ्रष्टाचार अन्त्य तथा सामाजिक सञ्जाल बन्दका विरुद्ध गरेको शान्तिपूर्ण प्रदर्शनमा गोली चलाइएको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा प्रहरीको गोली प्रहारले मृत्यु भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइते भएकाहरुको शीघ्र स्वास्थ्य लाभको कामनासहित तत्काल नि:शुल्क उपचारको सम्पूर्ण व्यवस्था गर्न सरकारसँग माग गरिएको छ । विज्ञप्तिमा भनिएको छ, 'लामो समयदेखि देशमा देखिएको गरिबी, बेरोजगारी, कुशासन र भ्रष्टाचारका कारण आम जनसमुदाय आक्रोशित रहेको परिप्रेक्ष्यमा युवा विद्यार्थीले गरिरहेको शान्तिपूर्ण आन्दोलनमाथि दमन बन्द गरी सामाजिक सञ्जालहरुमाथि लगाइएको प्रतिबन्ध तत्काल हटाउन तथा वार्ता र सम्वाद मार्फत समस्याको समाधान गर्न माग गरिन्छ ।'

# जेनजी प्रदर्शन : इटहरीमा प्रहरीले चलाएको गोली लागेर २ जनाको मृत्यु

**विराटनगर,२३ भदौ ।**

सुनसरीको इटहरीमा प्रहरीले चलाएको गोली लागेर २ जनाको मृत्यु भएको छ । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र भ्रष्टाचारविरूद्ध भएको आन्दोलन हिंसात्मक बनेपछि प्रहरीले गोली चलाएका थिए । अस्पताल स्रोतका अनुसार गोली लागेर अन्दाजी २५ र ३० वर्षीय पुरूषको मृत्यु भएको हो । मृतकको पहिचान खुलेको छैन । प्रहरीले चलाएको गोली लागेर गम्भीर घाइते भएकालाइ बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको थियो । धरान पुर्याए लगतै चिकित्सकले मृत घोषित गरेको प्रहरीले बताएको छ । सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रका अनुसार इलाका प्रहरी कार्यालय इटहरीमा ढुंगामुढा भएपछि प्रहरीले गोली चलाएको थियो । गोली लागेर घाइतेको उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको उनले बताए । मृत्युको पुष्टि भइनसकेको उनले बताए । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र सरकारकाविरुद्ध आन्दोलनमा उत्रिएको युवापुस्ताले सुनसरीको इटहरी उपमहानगरपालिकाको कार्यालयमा आगो लगाइदिएका थिए । आगजनीमा संलग्न भएको भन्दै प्रहरीले केही युवालाई पक्राउ गरी इलाका प्रहरी कार्यालय इटहरीमा लगेपछि प्रदर्शनकारीले ढंगामुढा गरेका थिए ।

# करेन्ट लागेर वडाध्यक्षको मृत्यु

**रौतहट,२३ भदौ ।**

रौतहटको बौधीमाइ नगरपालिका-६ का वडाध्यक्ष गगनदेव राय यादवको मृत्यु भएको छ । आइतबार साँझ करिब ७:१५ बजे करेन्ट लागेर घाइते हुनुभएका यादवको उपचारको क्रममा ८:१५ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिनुभयो । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार बौधीमाई नगरपालिका-६ बस्ने जगदीश राय यादवको खेतमा जाने क्रममा ११ हजार भोल्ट भएको तार चुडिएर भुइँमा रहेको अवस्थामा करेन्ट लागेर वडाध्यक्ष यादव घाइते हुनुभएको थियो । घाइते यादवको घोराहीमाई अस्पताल कोपवामा सामान्य उपचारपछि थप उपचारका लागि प्रादेशिक अस्पताल गौरमा ल्याउँदा चिकित्सकले इसिजी गर्दा मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिनुभयो । २०७९ सालको स्थानीय तहको निर्वाचनमा उहाँ नेकपा एसबाट निर्वाचित हुनुभएको थियो । कर्तव्य ज्यान मुद्दामा २०६८ सालमा जिल्ला अदालत गौरबाट सफाइ पाउनुभएको वडाध्यक्ष यादव निर्वाचित भएको चार पाँच महिनामै उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगन्जको आदेशले निलम्बनमा पर्नुभएको थियो । अहिले बौधीमाई नगरपालिका- ६ मा वडा सदस्य अर्जुन यादव र वडा सदस्य उषा यादव पालैपालो ६/६ महिना कार्यबाहक वडाध्यक्षको रूपमा काम गरिरहनु भएको नगर प्रमुख प्रदीप यादवले जानकारी दिनुभयो ।

# मानवअधिकारवादी संस्थाहरुले भने "गृह र सञ्चारमन्त्रीले राजीनामा दिनुपर्छ"

**काठमाडौं,२३ भदौ ।**



मानव अधिकारवादी संस्थाहरुले जेन-जीको प्रदर्शनमा प्रहरीले अन्धाधुन्ध घातक बल प्रयोग भएको भन्दै घोर निन्दा व्यक्त गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री र गृहमन्त्रीले तत्काल राजीनामा दिन मानव अधिकारकर्मीहरुको सञ्जाल जवाफदेहिता निगरानी समितिले माग गरेको छ । घटनाको स्वतन्त्र छानविन र जेन-जीका माग तत्काल सम्बोधनका लागि जोडदार माग पनि गरिएको छ । समितिले एक विज्ञप्ति जारी गर्दै भ्रष्टाचार र सामाजिक सञ्जालको प्रतिबन्धविरुद्ध जेन-जीको प्रदर्शनमा प्रहरीले अत्यधिक, अन्धाधुन्ध र असमानुपातिक घातक बल प्रयोग गरेका कारण दर्जनबढी प्रदर्शनकारीको मृत्यु भएको भनेको छ । सामाजिक, आर्थिक, मनोवैज्ञानिक, शैक्षिक लगायतका आयाममा युवा पुस्तामा पर्न सक्ने प्रतिकूल प्रभावप्रति पूर्णत: बेवास्ता गरी हठात् सामाजिक सञ्जाल बन्द गर्ने, त्यसको चौतर्फी विरोध हुँदासमेत पुनर्विचार गर्न तयार नहुने, उल्टो प्रधानमन्त्री तथा मन्त्रीका हठपूर्ण अभिव्यक्ति सार्वजनिक भइरहने कार्यका कारण घटना भएको निगरानीको ठहर छ । 'पूर्वघोषित आन्दोलन देशव्यापी रुपमा भड्कन सक्ने/घुसपैठ हुन सक्ने आँकलन गरेर त्यसलाई व्यवस्थित र शान्तिपूर्ण बनाउनतर्फ पूर्वहोसियारी, तदारुकता र सावधानी अपनाउन सरकार पूर्णत: असफल भएको परिणामस्वरूप नै नितान्त दु:खद् र त्रासदीपूर्ण घटना घटन पुगेको हो,' विज्ञप्तिमा भनिएको छ, 'अलोकतान्त्रिक, मानवअधिकार विरोधी हठ त्यागी जेनजी पुस्ताको जायज मागलाई तत्काल सम्बोधन गर्न, घाइतेहरुको उचित उपचारको प्रबन्ध गर्न, मृतकका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दछौं ।' बल प्रयोगका स्थापित मूल्यमान्यता मिचेर नागरिकको जिउज्यानमा भयानक क्षति पुग्ने गरी घटाइएको निन्दनीय घटनाको स्वतन्त्र छानबिन गरी त्यसका जिम्मेवारलाई कारबाहीको दायरामा ल्याउन पनि उनीहरुले माग गरेका छन् । 'पूर्वघोषणा गरी युवा

बाँकी तेश्रो पृष्ठमा

# नेपाल सर्प महोत्सवको तेस्रो संस्करण धनुषामा हुने

**जनकपुर,२३ भदौ ।**




'मानव र सर्पबिचको सहअस्तित्व प्रवर्धन गर्ने' भन्ने मूल नाराका साथ धनुषामा आगामी असोज २ र ३ गते "नेपाल सर्प महोत्सव"को तेस्रो संस्करण आयोजना हुने भएको छ । मिथिला वाइल्ड लाइफ ट्रस्ट र सेभ द लाइफको संयुक्त आयोजनामा हुने महोत्सव मिथिला बिहारी नगरपालिका-२ स्थित कल्चर भिलेजमा आयोजना हुन लागेको हो । सोमबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमार्फत महोत्सवमा सर्पसम्बन्धी जानकारीमूलक स्टल, सर्प विज्ञहरूको अन्तर्क्रिया, विभिन्न जातका सर्प प्रदर्शन, उद्धारसम्बन्धी वृत्तचित्र प्रदर्शनलगायत कार्यक्रम रहने छन् । आयोजकका अनुसार नेपाल सर्प महोत्सव समूहले जैविक विविधता संरक्षण, मानव-सर्प द्वन्द्व न्यूनीकरण, सर्प व्यवस्थापन र सर्प संरक्षणको महत्त्वबारे जनचेतना फैलाउने उद्देश्यले यो महोत्सव सुरु गरेको हो । समूहका सदस्यहरूले सर्प र सर्पदंश सम्बन्धी क्षेत्रमा दशकौंको अनुभव बटुलेका छन् । हालसम्म नेपालका विभिन्न जिल्लामा सयभन्दा बढी सचेतना कार्यक्रम, क्षमता अभिवृद्धि तालिम, कार्यशाला र अन्तरक्रिया सञ्चालन भइसकेको जनाएको छ ।

मिथिला वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले महोत्सवले मधेश प्रदेशमा मानव र सर्पबिच सहअस्तित्वबारे सकारात्मक सन्देश दिने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो,"सर्पलाई किसानका साथीका रूपमा लिनुपर्छ ।

सर्पको पर्यावरणीय र धार्मिक महत्त्वबारे वैज्ञानिक ढङ्गले बुझाउन यस महोत्सवले ठूलो भूमिका खेल्ने छ ।" यस्तै, सेभ द लाइफका अध्यक्ष कमल देवकोटाले सर्प संरक्षण र सर्पदंश व्यवस्थापनमा जनचेतना अभाव भएकै कारण धेरै दुर्घटना हुने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "सर्पदंश हुँदा के गर्ने र के नगर्ने भन्नेबारे जानकारी नहुँदा अनावश्यक मृत्यु भइरहेका छन् । यो महोत्सवमार्फत प्राथमिक उपचारको सही जानकारीसहित सर्प संरक्षणमा जनसहभागिता बढाउने हाम्रो उद्देश्य हो ।" महोत्सवमा सर्पको पर्यावरणीय, चिकित्सकीय, धार्मिक र सांस्कृतिक महत्त्वबारे सचेतना फैलाइने छ । साथै, सर्पदंश हुँदा प्राथमिक उपचार कसरी गर्ने भन्नेबारे सहभागीलाई प्रत्यक्ष जानकारी दिइने आयोजकहरूले जनाएका छन् ।

बजारबाट सामाग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा

**क्रेता वा सामाग्री खरिदकर्ताले:**

- विल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,
- सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT), लगायत विवरण हेर्ने गरौं,
- विलमा मिति, विजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,
- प्राप्त विल वा रसिदलाई सुरक्षित राखौं,
- विलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं,
- कुनैपनि वस्तु तथा सेवा खरिद गरेपछि विल/बिजक माग्ने गरौं,

**बिक्रेताले:**

- ग्राहकलाई सामाग्री खरिद गरेको विल अनिवार्य रुपमा दिऔं,
- विल बमोजिमको सामान उपलब्ध गराऔं,

**सामान खरिद बिक्री गर्दा विल अनिवार्य लिने/दिने गरौं ।**

नेपाल सरकार विज्ञापन बोर्ड

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा